annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९४ पृष्ठ ८ | काठमाडौं, शनिबार १९ साउन २०८१ | श्रावण कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४४ | SATURDAY, AUGUST 3, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# उड्डयन क्षेत्रकै एउटा 'रहस्यमय घटना'

## १० वर्षअघि उडेको मलेसियन एयरलाइन्सको त्यो विमान कहाँ गयो ?

विश्वमै सुरक्षित मानिएको हवाई क्षेत्रमा यदाकदा दुर्घटनाका घटना हुन्छन् । दुर्घटनापछि विमानको ढिलोचाँडो पत्ता पनि लाग्छ । तर १० वर्षअघि मलेसियाबाट चीनको राजधानी बेइजिङ उडेको मलेसियन एयरलाइन्सको एक विमानको अझै अत्तोपत्तो छैन । २ सय ३९ यात्रु र चालक दलका सदस्य बोकेको उक्त विमानबारे कैयौं खोजी भए । त्यसका लागि अर्बौं रकम खर्च पनि गरियो, तर पत्ता लागेन । उड्डयन क्षेत्रकै रहस्यमयी यो घटनाको पर्दा कहिले खुल्ला ? यसै भन्न कठिन छ ।







सुनिता कार्की | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २

## भित्री पृष्ठ



वागमती वृत्तान्त - *पृष्ठ ३*



इतिहास पल्टाउँदै फड्को मार्दै - *पृष्ठ ४*



तार्कालीको तन्त्र - *पृष्ठ ५*



म्याग्दीमा आए ३१ हजार पर्यटक - *पृष्ठ ७*

# ३६ घण्टामा ड्रोनले भेट्टायो बाघ

**महादेव अवस्थी** | *महेन्द्रनगर*

बुधबार दोधारा चाँदनी नगरपालिका-२ स्थित उखुबारीमा बाघ देखियो। बाघ देखिएपछि स्थानीयले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयलाई खबर गरे। लगत्तै निकुञ्जको टोली दोधारा चाँदनी पुग्यो। ड्रोनबाट बाघ भएको स्थान पहिचान गर्ने प्रयास गरे पनि सफल भएन। बिहीबार बिहानै पुन: निकुञ्जको टोली बाघ देखिएको स्थानमा पुग्यो।

बिहीबार बिहानैदेखि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत मनोज ऐर ड्रोनबाट बाघको पहिचान गरिरहेका थिए। 'हामी ड्रोन उडाएर बाघ खोज्दै थियौं, करिब पाँच सय मिटर पर अर्कोतर्फ गएर महिलामाथि बाघले आक्रमण गरेछ', उनले भने, 'ड्रोनबाट बाघ भएको स्थान पहिचान गर्दागर्दै चिच्याएको आवाज आयो।' निकुञ्जको टोली बुधबारदेखि नै उक्त क्षेत्रमा पुगेर बाघको पहिचान गरिरहेको थियो।

बिहीबार बिहान दोधारा चाँदनी नगरपालिका-२ की हीरादेवी शाहको बाघको आक्रमणमा परी मृत्यु भयो। २६ वर्षीया शाह बिहीबार घर नजिकै धान खेतमा घाँस काट्न गएकी थिइन्।



**कञ्चनपुरको दोधारा चादनी २ स्थित उखुबारीबाट बाघलाई डार्ट गरेर नियन्त्रणमा लिँदै निकुञ्ज टोली।**
● सौजन्य : समीर मल्ल, राष्ट्रिय प्रकृति संरक्षण कोष

प्रत्यक्षदर्शीहरूका अनुसार हीरादेवीलाई नजिकैको उखुबारीबाट आएको बाघले पछाडिबाट आक्रमण गरेको थियो। उनलाई घिसार्दै उखुबारीभित्र बाघ पसेको थियो। नजिकै रहेका अरू महिलाले होहल्ला गरेका थिए। हल्ला भएपछि जम्मा भएका स्थानीय र सुरक्षाकर्मीसहितको टोलीले खोज्दै जाँदा उखुबारीभित्र शाहलाई मृत अवस्थामा फेला पारेका थिए।

त्यसपछि उखुबारीभित्र रहेको बाघलाई नियन्त्रणमा लिन बर्दियाबाट डार्ट गर्ने प्राविधिक टोलीलाई बोलाइएको थियो। लगत्तै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट चार वटा हात्तीसहित प्राविधिक टोली बाघ नियन्त्रणमा खटिएको थियो। तर बाघलाई नियन्त्रणमा लिन सकिएन।

'दिनमा बाघ नियन्त्रणमा आउन नसकेपछि बाघलाई रातभर निकुञ्जको टोली र सुरक्षाकर्मीले पहरा दिए', संरक्षण अधिकृत ऐरले भने, 'हामी त रातभर सुत्न पाएनौं। बिहानैदेखि पुन: नियन्त्रणमा लिने प्रयास गर्‍यौं। करिब ९:३० बजेतिर डार्ट गर्न सफल भयौं।' शुक्रबार नियन्त्रणमा लिएको बाघ बर्दिया राष्ट्रिय निकुञ्ज पठाइएको छ।

मृतक हीराको तीन वर्षअघि मात्रै विवाह भएको थियो। उनको डेढ वर्षको छोरा छ। श्रीमान् कामको सिलसिलामा भारतको हिमाञ्चलमा थिए। आमाको मृत्यु भएपछि डेढ वर्षको छोरा बिचल्लीमा परेको छ। 'शुक्रबार श्रीमान् आएपछि अन्त्येष्टि गरिएको छ', वडा-२ का अध्यक्ष पदमसिंह रावलले भने, 'डेढ वर्षको बालक आमा खोज्दै रोइरहेको छ।'

» बाँकी पृष्ठ ६

## गर्मीले युरोपमा बर्सेनि १ लाख ७५ हजारको मृत्यु

**कोपनहेगन** (एएफपी) : विश्वका अन्य देशहरूको तुलनामा तापक्रम तीव्र गतिमा बढिरहेको युरोपमा गर्मीका कारण बर्सेनि १ लाख ७५ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को युरोपेली शाखाले बिहीबार जनाएको छ।

डब्लूएचओले सन् २००० देखि २०१९ को बीचमा हरेक वर्ष गर्मीका कारण भएका ४ लाख ८९ हजार मृत्युमध्ये युरोपेली क्षेत्रमा ३६ प्रतिशत अर्थात् औसतमा १ लाख ७६ हजार ४० जनाको मृत्यु हुने गरेको जनाएको छ। स्वास्थ्य निकायका अनुसार यस क्षेत्रको तापक्रम विश्वको औसत दरभन्दा झन्डै दोब्बरले बढिरहेको छ। डब्लूएचओको युरोपेली क्षेत्रमा ५३ देशहरू छन्, जसमा मध्यएसियाका केही देशहरू पनि समावेश छन्। डब्लूएचओका युरोप क्षेत्रीय निर्देशक हान्स क्लुजले भने, 'मानिसहरूले अन्तिम मूल्य चुकाइरहेका छन्।'

डब्लूएचओका अनुसार विगत दुई दशकमा यस क्षेत्रमा गर्मीका कारण हुने मृत्युदरमा ३० प्रतिशतले वृद्धि भएको छ। क्लुजले भने, 'तापक्रमको चरम सीमाले मुटु, श्वासप्रश्वास, 'सेरेब्रो-भास्कुलर डिजिज', मानसिक स्वास्थ्य र मधुमेहसँग सम्बन्धित रोगलगायत दीर्घकालीन अवस्थालाई बढाउँछ।

# झन्झन् खस्किँदै विद्यालय तह शिक्षा

## कक्षा १२ को परीक्षामा ५२.९१% मात्रै उत्तीर्ण


**ममता थापा** | *काठमाडौं*

राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार सार्वजनिक गरेको कक्षा १२ को नतिजामा ५२.९१ प्रतिशतमात्रै विद्यार्थी उत्तीर्ण भएका छन्। अर्थात्, ४७ प्रतिशत बढी विद्यार्थी अनुत्तीर्ण भएका छन्। बोर्डका अनुसार सबैभन्दा बढी अंग्रेजी विषयको परीक्षामा विद्यार्थीहरू नन्ग्रेडेड भएका छन्। यसअघि माध्यमिक शिक्षा परीक्षा (एसईई) को परीक्षामा पनि आधाभन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएका थिए। पछिल्ला वर्ष विद्यालय तहको नतिजा झन्झन् खस्कँदै गएकोमा शिक्षाविद्हरू चिन्ता व्यक्त गर्छन्।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार कक्षा १२ का लागि ३ लाख ९० हजार ८ सय ६८ विद्यार्थीले परीक्षा दिएका थिए। जसमा २ लाख ३ हजार ८ सय ४७ विद्यार्थी मात्रै सफल भएका छन्। वैशाख १४ गतेबाट सुरु भएको परीक्षामा सहभागी विद्यार्थीमध्ये ५२.९१ प्रतिशतमात्रै उत्तीर्ण भए। नियमिततर्फ १ लाख ८७ हजार २१ विद्यार्थी नन्ग्रेडेड (एनजी) अर्थात् अनुत्तीर्ण भए। यद्यपि यो नतिजा गत वर्षको भन्दा २ प्रतिशत त बढी हो। तर, शिक्षाविद्हरू यसलाई सन्तोषजनक मान्न तयार छैनन्। गत वर्षको नतिजामा त करिब ५१ प्रतिशत हाराहारीमा मात्रै उत्तीर्ण भएका थिए।

यस पटकको परीक्षामा आवेदन फाराम भरेका ५ हजार ६ सय ३२ जना विद्यार्थी परीक्षामै अनुपस्थित भएका थिए। साथै, परीक्षाको नियम तोडेका कारण १ सय २ जना विद्यार्थीको परीक्षा रद्द गरियो। अनुपस्थिति र रद्द गरिएका विद्यार्थीलाई पनि समावेश गर्दा १ लाख ८७ हजार २१ जना विद्यार्थी फेल भए। शुक्रबार सार्वजनिक भएको कक्षा १२ को नतिजाअनुसार एक सय २२ विद्यार्थीको नतिजा रद्द भएको छ। यीमध्ये १ सय १८ विद्यार्थीको चालु खण्डको सम्पूर्ण विषयको परीक्षाफल रद्द गरिएको बोर्डले जनाएको छ।

अझ परीक्षामा ४ विद्यार्थीको चालु खण्डका सम्पूर्ण विषय रद्द गरेसँगै अबको एक वर्षसम्म बोर्डबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही गरिएको छ। बोर्डका अनुसार परीक्षा हलमा चिट चोर्ने, निरीक्षक र




परीक्षामा संलग्न व्यक्तिहरूलाई अभद्र व्यवहार गर्ने लगायतका मर्यादा उल्लंघन गर्ने विद्यार्थीको परीक्षा रद्द गरिएको हो।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्मा १२ कक्षाको यस पटकको नतिजामा उल्लेख्य सुधार नभएको स्वीकार गर्छन्। उनका अनुसार सबैभन्दा बढी नन्ग्रेडिङ अंग्रेजी विषयमा देखिएको छ। 'तर पनि अंग्रेजीमा ७२ प्रतिशत विद्यार्थी पास भएकै छन्,' शर्मा भन्छन्, 'लेखामा ७३ प्रतिशत र नेपालीमा ९१ प्रतिशत विद्यार्थीले राम्रै परिणाम ल्याएका छन्।' व्यक्तिगत विषयमा राम्रो देखिए पनि समग्रमा भने नतिजा प्रोत्साहनमूलक नभएको उनी बताउँछन्। उत्तीर्ण संख्या ५० प्रतिशतकै हाराहारीमा भएकाले आगामी दिनमा विद्यालय र विद्यार्थीले निकै मेहनत गर्नुपर्ने उनको भनाइ छ। 'विगतदेखिका नतिजा हेर्दा हामी कहीँ न कहीँ चुकेका छौं' उनी भन्छन्, 'कक्षाकोठाकै सिकाइ वितरण राम्रो भएन। गुणस्तर सिकाइले विद्यार्थीलाई उकास्ने र उनीहरूको क्षमता विकास गर्नैपर्छ। केहीमा भने पर्याप्त शिक्षक दिन सकिरहेका छैनौं। आवश्यकताको आधारमा शिक्षक दिन सकिरहेको छैन।'

» बाँकी पृष्ठ ६